आज मिति २०८१।०१।१८ गते मंगलबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाणगङ्गा, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

**आ.व.०८०।८१ कार्यपालिका बैठक, मिति: २०८१।०१।१८ गते, बैठक संख्या: १६ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १६.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. १६.२ कानूनहरु स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १६.३ मध्येकालिन खर्च संरचना (MTEF) सम्बन्धमा,

प्रस्ताव नं. १६.४ वित्तिय समानिकरण अनुदान हस्तान्तरण सम्बन्धमा,

प्रस्ताव नं. १६.५ पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्बन्धमा,

प्रस्ताव नं १६.६ पूर्णखोप स्थानीय तह घोषणाका लागि सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं १६.७ खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन सम्बन्धमा,

प्रस्ताव नं. १६.८ विद्यालयहरुको पूर्वाधार निर्माण सम्बन्धमा,

प्रस्ताव नं. १६.९ मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १६.१० विविध

**बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्याः १६ मितिः २०८१।०१।१८ का निर्णयहरुः-**

**प्रस्ताव नं. १६.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,**

**निर्णय नं. १६.१** यस अघिको कार्यपालिका बैठक मितिः२०८०।१२।२८ गतेको बैठकमा आर्थिक वर्ष २०८१।८२ को लागि प्रदेश समपुरक तथा विशेष योजना छनोट गरिएकोमा निर्धारित समयभित्र प्रदेश अर्थ मन्त्रालय तथा प्रदेश योजना आयोगमा फाईल पेश गरिएको ।

**प्रस्ताव नं. १६.२ कानूनहरु स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. १६.२** विधायन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएका निम्नानुसारका कानूनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण |
|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०८१ |
| २ | बाणगङ्गा नगरपालिकाको आन्तरीक नियन्त्रण प्रणाली, २०८१ |
| ३ | पिपरा अस्पतालको अस्पताल व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० |

**प्रस्ताव नं. १६.३ मध्यकालिन खर्च संरचना (MTEF) सम्बन्धमा,**

**निर्णय नं. १६.३** यस नगरपालिकाको आवधिक योजनालाई आधार मान्दै नगरपालिका तथा वडाहरुबाट तर्जुमा हुने योजना तथा कार्यक्रमहरुलाई समेटी नगरपालिकाको मध्यकालिन खर्च संरचना तयार गर्न अन्तर शाखा समन्वय गर्ने र कार्यदल निर्माण गरी काम कारवाही अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६.४ वित्तिय समानिकरण अनुदान हस्तान्तरण सम्बन्धमा,**

**निर्णय नं. १६.४** महालेखा नियन्त्रक कार्यालय, बजेट कार्यान्वयन तथा शोधभर्ना शाखाको च.नं. १४६, मितिः २०८१।०१।१२ को कोष तथा लेखा नियन्त्रक कार्यालयलाई लेखिएको पत्रानुसार चैत्र मसान्त सम्मको राजस्वको लक्ष्य र प्रगति अनुसार चौथो किस्ता वित्तिय अनुदान हस्तान्तरण गर्दा वार्षिक विनियोजित बजेटको ७४.११ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्नु/गराउनुहुन भनि लेखि पठाएको पत्रको विषयमा बैठकमा प्रस्तुत भई छलफल भएको र उक्त पत्रानुसार वित्तिय समानिकारण तर्फ २५.८९% रकम अपुग हुने भएकोले यस पछि बाँकी रहने सफ्टवेयर तर्फका कार्यक्रमहरु अत्यावश्यक बाहेक अन्य कार्यक्रम सम्झौता प्रकृया अगाडी नबढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६.५ पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्बन्धमा,**

**निर्णय नं १६.५** यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुले पूर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि २०८० साल फाल्गुण र चैत्र महिनामा घरधुरी सर्वेक्षण सम्पन्न भई सबै प्रकृया पूरा गरी अनुसूची ४,५,६ र ७ पेश गरेको हुँदा यस नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण वडाहरुलाई "पूर्ण खोप सुनिश्चितता तथा दीगोपना" कायम रहेको घोषणा गरीएको छ, सथै अनुसूची ११ अनुसार प्रमाणीकरण गर्ने र अनुसुची १२ मा तोकिए अनुसार पूर्णखोप सुनिश्चितता वडा प्रमाणपत्र दिने निर्णय समेत गरियो ।

**प्रस्ताव नं १६.६ पूर्णखोप स्थानीय तह घोषणाका लागि सिफारिस गर्ने सम्बन्धमा,**

**निर्णय नं १६.६** यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडाहरु पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम भई सकेको हुँदा यस नगरपालिकालाई पूर्ण खोप घोषणा तथा दिगोपना प्रमाणीकरणका लागि ज़िल्ला खोप समन्वय समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १६.७ खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन सम्बन्धमा,**

**निर्णय नं १६.७** खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८ को दफा ९ बमोजिम निम्नानुसारको नगरस्तरीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| श्री चक्रपाणी अर्याल | – नगर प्रमुख | – | संयोजक |
| श्री पिताम्बर बि.क. | - नगर सभा सदस्य | - | सदस्य |
| श्री शारदा परियार | - नगर सभा सदस्य | - | सदस्य |
| श्री विश्व कार्की | - महासंघ प्रतिनिधि | - | सदस्य |
| श्री शुस्मा थापा | - महासंघ प्रतिनिधि | - | सदस्य |
| श्री राजेन्द्र बिक्रम शाह | - उपभोक्ता समिति प्रतिनिधि | - | सदस्य |
| श्री सुनिल श्रेष्ठ | - प्राविधिक कर्मचारी | - | सदस्य |
| श्री ईश्वरा खरेल | - स्वस्थ्य क्षेत्रको कर्मचारी | - | सदस्य |
| श्री केशबराज भट्टराई | - WASH Focal Person | - | सदस्य सचिव |

**प्रस्ताव नं. १६.८ विद्यालयहरुको पूर्वाधार निर्माण सम्बन्धमा**

यस नगरपालिकाको आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको विद्यालय मर्मत सुधार शिर्षकबाट निम्नानुसारका विद्यालयहरुमा निम्न बमोजिमको निर्माण कार्य गर्नको लागि तपसिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र स | विद्यालयको नाम | योजना | रकम रु. |
|---|---|---|---|
| १ | मा.वि. झण्डा | मर्मत सभार तथा रङ्रोगन | ३००००० |
| २ | हेमराज मा.वि. हथौसा | साइकल स्ट्यांण्ड | ५००००० |
| ३ | लक्ष्मणघाट मा.वि. लक्ष्मणघाट | झ्याल ढोका निर्माण | ३००००० |
| ४ | महेन्द्र मा.वि. कोपवा | बाउन्ड्री वाल निर्माण | २६०००० |
| ५ | दुर्गा भवानी आ.वि. कर्माना | पूर्वाधार निर्माण तथा मर्मतसम्भार | २००००० |
| ६ | गौतम बुद्ध आ.वि. कुसुमडाँडा | बाउण्ड्री वाल निर्माण | ४००००० |
| ७ | ज्ञानोदय आ.वि. सुठौली | गेट निर्माण तथा मर्मत सभार | ३००००० |
| ८ | सिद्धार्थ मा. वि. बुड्ची | बाटो निर्माण तथा सौन्दर्यकरण | ३००००० |
| ९ | नेपाल रा. आ.वि. अहिरौली | कम्पाउण्ड वाल | ४००००० |
| १० | कामता मा.वि., करेलिया | लकिङ ब्लक | ५००००० |
| ११ | अन्तराष्ट्रिय युवावर्ष आ.वि. | नालामा वाल निर्माण | ३००००० |
| १२ | चौधरी जागृति वालबिकास केन्द्र | कक्षा कोठा निर्माण | ९००००० |
| १३ | मधौलिया बाल विकास केन्द्र | रङ्ग रोगन, फर्निचर तथा शैक्षिक सामाग्री | ५०००० |
| १४ | सरस्वती आधारभूत बनगवा | माटोपटान | २००००० |
| १५ | बाल मा.वि. बैरिया | लकिङ ब्लक | ४००००० |
| १६ | कपिलवस्तु आ.वि. राजपुर | शौचालय मर्मत सम्भार | १५०००० |
| १७ | कपिलमूनि वैद्धिक सस्कृत विद्यापिठ | भान्सा मर्मत तथा फर्निचर निर्माण | २५०००० |
| १८ | मनकामना सस्कृत विद्यापिठ | फर्निचर निर्माण | ३५०००० |
| १९ | बाणगङ्गा मा.वि. लौगाईं | शौचालय निर्माण | २००००० |

CamScanner

| क्र स | विद्यालयको नाम | योजना | रकम रु. |
|---|---|---|---|
| २० | नवदुर्गा आ.वि., मोतीपुर डाँडा | अधुरो भवन रङ रोगन, फर्निचर तथा रेलिङ निर्माण | ४००००० |
| २१ | जननी आ.वि. मधुवन | मर्मत सम्भार तथा रङ रोगन | २००००० |
| २२ | जनकल्याणा आ.वि. बालापुर | जिप्सन लगाउने तथा भवन मर्मत संभार | २५०००० |
| २३ | शान्ती आ.वि. डुङ्गहवा | जिप्सन लगाउने तथा भवन मर्मत संभार | २००००० |
| २४ | प्रिन्टर खरीद | १- ५ सन्चालित ७ वटा विद्यालयहरु | २५०००० |
| | जम्मा रकम | | ७५००००० |

**प्रस्ताव नं. १६.९ मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम सम्वन्धमा,**

**निर्णय नं. १६.९** चालु आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना किताबको सि.नं.४०७ र ४०८ मा रहेको बजेट रकमबाट निम्नानुसारको योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना | रकम |
|---|---|---|
| १ | डुङ्गहवा कमला भट्टराईको घरदेखि कृष्ण चौधरीको कृषि फर्मसम्म सडक ग्राभेल | १,००,०००।- |
| २ | मधौलिया र झण्डामा नाली निर्माण | २,००,०००।- |
| ३ | वैजलपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूहकोभवन निर्माण | २,००,०००।- |
| ४ | सिउटीमा तटबन्ध सहित बाँध निर्माण | १,२५,०००।- |
| ५ | सडक दुर्घटना न्यूनीकरण, ट्राफिक सचेतना र बारबिट निर्माणमा | ३,३०,०००।- |
| ६ | बुद्ध आवाज कम्पाउण्ड वाल निर्माण | ५,००,०००।- |
| ७ | अहिरौली अधुरो पुल निर्माण | १२,००,०००।- |
| ८ | बरवा चोकदेखि पश्चिमतर्फ जोखु थारुको घरसम्म R.C.C. ढलान तथा नाली निर्माणको अधुरो कल्भर्ट निर्माण | २,००,०००।- |
| ९ | कमन नेपाल भवन निर्माण | ५,००,०००।- |
| १० | नेपाल स्वतन्त्र यातायात मजदुर संगठनको भवन निर्माण | ५,००,०००।- |
| | जम्मा | ४४,०५,०००।- |

**प्रस्ताव नं. १६.१० विविध**

१. मितिः२०८०।०९।२३ गतेको निर्णयानुसार संस्कृत संरक्षण तर्फको बजेट शिर्षकबाट मगर जातिको लागि छुट्टिएको बजेट रकम रु.१,७०,०००।- मध्येबाट रु.१,६०,०००।– भन्दा बढी खर्च नहुने गरी नेपाल मगर संघ कपिलवस्तुद्वारा सञ्चालन गर्ने गरी मगर जातिको भाषा र संस्कृतिको संरक्षण सम्बन्धी अभिमूखीकरण तालिम संचालन गर्ने निर्णय गरियो ।

२. दलित युवा युवतीको सिप विकास तालिम अन्तर्गत रु.३,५०,०००।- बाट ड्राईभिङ तालिम सञ्चालनका लागि दलित सेवा समाज, कपिलवस्तुबाट माग भए बमोजिम सोही संस्थाले सञ्चालन गर्ने गरी कार्यक्रम सम्झौता गरि अगाडी बढाउने निर्णय गरियो ।

३. एकल महिलाहरुको सिप विकास कार्यक्रम अन्तर्गत रु.२,२०,०००।– विनियोजन भएकोमा सो रकमबाट लेडिज ब्याग बनाउने तालिम सञ्चालनका लागि मानव अधिकारका लागि महिला, एकल महिला समूह कपिलवस्तुद्वारा सञ्चालन गर्ने गरी सम्झौता गरी कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

४. विभिन्न सामुदायिक भवन निर्माणको लागि चालु आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना किताबको सि.नं.४६१ मा विनियोजित रकम रु. १० लाख वडा नं. २ मा रहेको वैजलपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूहको भवन निर्माणको लागि दिने निर्णय गरियो ।

५. बाणगङ्गा नगरपालिकाबाट सञ्चालित विभिन्न करार सेवामा कर्मचारी छनौट सम्बन्धी परीक्षामा विभिन्न जिम्मेवारी बहन गर्ने कर्मचारी एवम् विज्ञहरुलाई लोकसेवा आयोग पारिश्रमिक दररेट २०७२ अनुसार खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

६. बाणगङ्गा प्रज्ञा प्रतिष्ठानको लागि चालु आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना किताबको शिक्षा कार्यक्रम तर्फको सि.नं.१४२, क्र.सं. २२ मा विनियोजित रकम रु. १० लाख मध्येबाट बाणगङ्गा साहित्यिक प्रतिष्ठानद्वारा प्रकाशित साहित्य सुधा तेस्रो अङ्क छपाई, सम्पादन र लोकार्पण कार्यक्रमलाई रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner